प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ६३ ॥ २०८० चैत्र २७ गते मंगलबार (9th Apr 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# केदारलाई हटाएर हिक्मतलाई मुख्यमन्त्री बनाउने खेल शुरु



झापा(प्रस) । नेकपा एमाले र नेकपा माओवादी केन्द्रका बहुमत सांसदहरुले हस्ताक्षर गर्दै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीलाई दिएको समर्थन र विश्वासको मत औपचारिक रुपमा फिर्ता लिएका छन् ।

सोमबार प्रदेश प्रमुख पर्शुराम खापुङसमक्ष मुख्यमन्त्री कार्कीलाई समर्थन गर्न दिएको हस्ताक्षर एमाले सांसदहरुले फिर्ता लिएका छन् भने प्रदेशसभा सचिवालयमा विश्वासको मत फिर्ताको पत्र दुबै दलका सांसदहरुले बुझाएका छन् ।

एमालेका ३९ र माओवादीका १३ सांसदको हस्ताक्षरसहित गठबन्धनले कोशी प्रदेशमा वैकल्पिक सरकारको गठनको संभावना रहेकोले त्यो प्रक्रिया अगाडि बढाउन पनि प्रदेश प्रमुख खापुङलाई निवेदन दिएको छ । मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेको भन्दै प्रदेश प्रमुखलाई आफूहरुसँग बहुमत रहेकोले वैकल्पिक सरकार गठन हुने आधार रहेको निवेदनमा खुलाइएको छ ।निवेदनमा एमाले प्रदेश सभा संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई मुख्यमन्त्री बनाउन आग्रह गरिएको छ। गत आश्विन २७ गते एमालेका ३९ जना सदस्य र नेपाली कांग्रेसका ८ जना सदस्य समेत कुल ४७ जना सदस्यको समर्थनका आधारमा काँग्रेस सांसद केदार कार्की मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनलाई कात्तिक १ मा राप्रपाबाहेक सबै दलले विश्वासको मत दिएका थिए ।

'नेपालको संविधानबमोजिम माननीय मुख्यमन्त्री केदार कार्कीले बहुमत सदस्यको बिश्वास गुमाईसकेकोले कोशी प्रदेश सभाका हामी बहुमत सदस्यहरू नेपाल कम्युनिष्ट पार्टी एमाले प्रदेशसभा संसदीय दलका नेता माननीय हिक्मतकुमार कार्कीलाई अर्को वैकल्पिक सरकारको नेतृत्व गर्न कोशी प्रदेश सरकार मुख्यमन्त्री पदमा नियुक्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन माननीय प्रदेश प्रमुखज्यू समक्ष दाबी प्रस्तुतिका साथ अनुरोध गर्दछौं', गठबन्धनका दलले प्रदेश प्रमुखलाई बुझाएको निवेदनमा उल्लेख छ । संविधानको धारा १६८ को उपधारा (५) बमोजिमको प्रदेशसभा सदस्यको हैसियतमा प्रदेश प्रमुखबाट मुख्यमन्त्री नियुक्त केदार कार्कीलाई समर्थन गरेका एमालेका सांसदहरुले समर्थन फिर्ता लिएका हुन् ।

सत्ता घटक दल माओवादी केन्द्रसंग पटक-पटकको छलफल र संवादपछि एमाले सांसदहरुले प्रदेश प्रमुख खापुङसमक्ष समर्थन फिर्ता लिएको लिखित जानकारी गराएका हुन् । एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने, 'हामी ३९ जनाले प्रदेश प्रमुख र सभामुखलाई भेटेर समर्थन फिर्ता लिने जानकारी गरायौं ।'

गठबन्धन दलले मुख्यमन्त्रीलाई दिएको समर्थनका साथै कात्तिक १ गते दिएको विश्वासको मत र सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि अब मुख्यमन्त्रीले संविधानको धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मत लिनुपर्ने एमालेको दाबी छ। नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक भण्डारीले माओवादीका तीन मन्त्रीले राजीनामा दिएर उसले पनि समर्थन फिर्ता लिएपछि वैकल्पिक सरकार निर्माणका लागि बहुमत तयार भएको दाबी गरेका छन् ।

संविधानको धारा १८३ को उपधारा २ बमोजिम विशेष अधिवेशन बोलाउन प्रदेश प्रमुखलाई लिखित आवेदन दिइने उनले जनाए । 'बुहुमत सदस्यहरुको समर्थन फिर्तापछि मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेकाले हामी सक्षम छौं सरकार गठनको प्रक्रिया अघि बढाइयोस् भन्ने दाबी हो', भण्डारीले भने ।अर्को सत्तारुढ घटक एकीकृत समाजवादीले भने सरकारबाट समर्थन फिर्ता नगर्ने जनाएको छ । समाजवादीबाट कमलप्रसाद जवेगू भौतिकमन्त्री छन् । कोशी प्रदेश सरकारमा समाजवादीका ४ सांसद छन् ।

## बजेट अधिवेशन जेठ ११ मा बोलाउन सिफारिस



झापा(प्रस) । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेश सभाको आगामी अधिवेशन जेठ ११ मा बोलाउन सिफारिस गरेका छन् । कोशी प्रदेश सरकारको तर्फबाट बजेट अधिवेशन जेठ ११ गते बोलाउन प्रदेश प्रमुखलाई सिफारिस गरिएको हो ।

सत्ता साझेदार दलहरूले सरकार फेरबदलको प्रकृया सुरु गरेपछि मुख्यमन्त्री कार्कीले झन्डै साढे १ महिनापछि प्रदेश सभाको बजेट अधिवेशन बोलाउन आह्वान गर्न सिफारिस गरेका हुन् ।

मुख्यमन्त्री केदार कार्कीले जेठ ११ गते बिहान ११ बजे प्रदेश अधिवेशन बोलाउन प्रदेश प्रमुख पर्शुराम खापुङसमक्ष सिफारिस गरिएको जानकारी दिए । 'जेठ ११ गते बिहान ११ बजे प्रदेश सभाको अधिवेशन आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय भएको छ,' कार्कीले भने ।

कोशी प्रदेशमा एमालेको समर्थनमा मुख्यमन्त्री बनेका कार्की प्रदेश सभामा अल्पमतमा पुगेका छन् । उनलाई समर्थन गरेको एमाले र माओवादीका प्रदेश सभा सदस्यहरूले समर्थन फिर्ता लिइसकेका छन् । यस्तो अवस्थामा साढे १ महिना पछिको समय राखेर कार्कीले प्रदेश सभा अधिवेशनको सिफारिस गरेका हुन् ।

## राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्छ : थापा



राजीनामा दिनु उचित हुने थापाले बताए ।

झापा(प्रस) । कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेकोले राजीनामा दिनुपर्ने सुझाब नेपाली काँग्रेस संसदीय दलले दिएको छ ।सरकारबाट माओवादी केन्द्र फिर्ता भएर नेकपा एमालेसहित ५२ जना सांसदहरुले बैंकल्पिक सरकारको दावी गरिसकेकोले मुख्यमन्त्रीले राजीनामा दिनु उपयुक्त हुने सुझाव काँग्रेस प्रदेशसभा संसदीय दलका नेता उद्धब थापाले दिएका हुन् ।

नेपाली काँग्रेसका ८ सांसदको सहयोगमा नेकपा एमालेको साथ पाएर मुख्यमन्त्री भएका कार्कीलाई दिएको समर्थन एमाले र माओवादीले फिर्ता लिइसकेको बेला काँग्रेसले पनि राजीनामा दिन सुझाब दिएको हो । संसदको अंकगणित हेर्दा विश्वासको मत प्राप्त गर्ने सम्भावना नदेखिएकोले मुख्यमन्त्रीले राजीनामा दिनु उचित हुने थापाले बताए ।

'एमाले र माओवादी एक ठाउँमा उभिएर समर्थन फिर्ता गरिसकेपछि मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत पाउने संभावना देखिन्न' थापाले भने, 'त्यो अवस्थामा राजीनामा दिनु उपयुक्त हुन्छ ।' कोशी प्रदेशसभा विघटन हुने कुनै संभावना नभएको भन्दै उनले मध्यावधिको कुरा अनावश्यक रहेको बताए । ' मध्यावधिमा जानु पनि हुँदैन, मध्यावधिको अहिले समय पनि छैन' उनले भने, ' मध्यावधिको पक्षमा जनता तथा दलहरु पनि छैनन् । त्यसैले कोशी प्रदेशको स्थायित्व र स्थिरताको लागि काँग्रेस बाधक बन्नु हुँदैन ।'

एमाले र माओवादीले सरकारको समर्थन फिर्ता लिएपछि नेकपा एकीकृत समाजवादीले भने तत्काल समर्थन फिर्ता नलिने बताएको छ । तर, मुख्यमन्त्री कार्कीकै दल काँग्रेस संसदीय दलका नेता थापा अब मुख्यमन्त्री नयाँ सरकार निर्माणमा बाधक बन्न नहुने पक्षमा उभिएका छन् । त्यसबारे संसदीय दलको बैठक बसेर थप छलफल गर्ने उनले बताएका छन् ।

कार्की सरकारलाई समर्थन गरेको जसपाले भने अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन । कार्कीलाई दिएको समर्थन एमालेका ३९ र माओवादीका १३ सांसदले फिर्ता गरेपछि उनको विपक्षमा स्पष्ट बहुमत पुगेको छ । सरकार निर्माणको लागि ४७ सांसद आवश्यक पर्नेमा एमाले माओवादी गठबन्धनमा ५२ सांसद छन् ।

## माओवादी मन्त्रीहरुको राजीनामा



झापा(प्रस) । कोशी प्रदेश सरकारमा सहभागी नेकपा माओवादी केन्द्रका मन्त्रीहरूले राजीनामा दिएका छन् ।

संसदीय दलको बैठकले सरकारबाट बाहिरिने र नयाँ सरकार गठनको प्रक्रिया थाल्ने निर्णय गरेपछि मन्त्रीहरुले राजीनामा दिएका हुन् ।

उनीहरु मुख्यमन्त्री केदार कार्कीलाई राजीनामा बुझाउन मुख्यमन्त्री कार्यालयमा पुगेका थिए । कांग्रेस नेता केदार कार्की नेतृत्वको सरकारमा माओवादीबाट खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्री नारायण बुर्जा मगर, सामाजिक विकास मन्त्री राजेन्द्रकुमार कार्की र पर्यटन, वन तथा वातावरण मन्त्री गणेश उप्रेती थिए ।

## चोरीको मोटरसाइकलसहित भद्रपुरका गुरुङ पक्राउ



बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा चोरीको मोटरसाइकलसहित एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा भद्रपुर नगरपालिका-९ का १९ वर्षीय हरि गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

बिर्तामोड नगरपालिका-८ स्थित डाँडागाउँबाट गुरुङलाई सोमबार दिउँसो २ बजे प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले मे १० प ३२०७ नम्बरको होण्डा साइन कम्पनीको मोटरसाइकल चोरी गरेर लैजाँदै गरेको अवस्थामा गुरुङलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। उनलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ।

## एनएमसीको तेस्रो रणनीतिक व्यवसायिक योजना



बिर्तामोड(प्रस) । नेपालकै दोस्रो ठूलो सहकारी संस्था बन्न सफल नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) ले तेस्रो रणनीतिक व्यवसायिक योजना सार्वजनिक गरेको छ । आइतबार बिर्तामोडस्थित शाखा कार्यालयमा पत्रकार सम्मेलन गरी एनएमसीले २०८०-०८४ को लागि निर्माण गरेको रणनीतिक व्यवसायिक योजना सार्वजनिक गरेको हो । संस्था सञ्चालनको महत्वपूर्ण उपकरणको रुपमा आवधिक योजना रहेको भन्दै संस्थाले भर्खरै तेस्रो रणनीतिक व्यवसायिक योजना

❖ बाँकी तेस्रो पृष्ठमा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समयः दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# सशस्त्र गोदाममा आगलागी



झापा(प्रस) । सशस्त्र प्रहरी बल नेपालको बलम्बुस्थित केन्द्रीय गोदाम घरमा भएको आगलागीबारे छानविन गर्न एआइजीको नेतृत्वमा ९ सदस्यीय समिति गठन भएको छ ।
सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले कार्यविभागका एआइजी वंशीराज दाहालको नेतृत्वमा प्राविधिक अधिकृतहरु समेत सम्मिलित समिति गठन गरेका हुन् ।
सोमबार बेलुका पौने ५ बजेतिर सशस्त्रका कर्मचारीको बन्दोबस्ती संगठनका लागि चाहिने अन्य सामान भण्डारण गरिएको गोदाम घरमा आगलागी भएको थियो ।
आगलागीबाट ठूलो धनराशीका सामानहरु जलेर नष्ट भएका छन् । कति सामान जल्यो भनेर यकिन भइनसकेको सशस्त्रले जनाएको छ ।
घटनापछि उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने र गृह सचिव एकनारायण अर्यालसहितका अधिकारीले समेत बलम्बु पुगेर घटनाका बारेमा जानकारी लिएका थिए ।
मन्त्री लामिछानेले आन्तरिक छानविन समिति बनाएर सत्यतथ्य पत्ता लगाउन निर्देशन दिएलगत्तै महानिरीक्षक अर्यालले एआइजी दाहालको नेतृत्वमा समिति गठन गरेका हुन् ।
२०७२ सालको विनाशकारी भूकम्पपछि सशस्त्र प्रहरी बल मुख्यालय हलचोक परिसरमा रहेको गोदामघर भासिएपछि बलम्बुमा सारिएको थियो ।
अहिले हलचोकस्थित गोदाममा हातहतियार र गोलीगट्ठामात्रै भण्डारण गरेर अन्य गैरघातक र लत्ताकपडासहितका उपकरण बलम्बुस्थित छुट्टै घरमा राखिएको थियो ।गोदाम घरमा ताला लगाएर बाहिरी सुरक्षामा सशस्त्र प्रहरी खटिँदै आएका छन् ।

# आगलागीबाट सैनिक जवानको मृत्यु



झापा(प्रस) । डोल्पाको ठुलीभेरी-४ को मष्टा भवानी सामुदायिक वनमा आगो निभाउने क्रममा घाइते भएका एक सैनिक जवानको मृत्यु भएको छ। उनको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको डोल्पाका प्रहरी नायब उपरीक्षक हरिकृष्ण केसीले बताए।
मृत्यु हुनेमा जुम्ला तातोपानी-४ स्थायी घर भई देवीदत्त गुल्म दुनैमा कार्यरत २८ वर्षीय हेमन्त रावल रहेको केसीको भनाइ छ। जिल्ला अस्पतालमै उपचाररत काभ्रे जिल्ला घर भएका ३८ वर्षीय जम्दार केशरबहादुर मगरको अवस्था चिन्ताजनक रहेको प्रमुख केसीले बताए। उनीहरूलाई उपचारका लागि नेपालगञ्जको भेरी अस्पताल लैजान तयारी गरिएको प्रहरीले जनाएको छ।
घाइते भएका ३० वर्षीय विजय कोइराला र २३ वर्षीय आशिष बुढालाई पहिलो चरणमा नेपाली सेनाको हेलिकप्टरमार्फत नेपालगञ्ज पठाइएको छ।
आइतबार दिउँसो ब्यारेकको फोहोर जलाउने क्रममा अत्यधिक हावाहुरी लागेपछि आगो वनमा सल्किएको थियो।


# आगोले जलेर घाइते बालकको मृत्यु

झापा(प्रस) । धनकुटा नगरपालिका-३ कागतेमा आगलागीबाट गम्भीर घाइतेमध्येका एक बालकको सोमवार मृत्यु भएको छ ।
मृत्यु हुनेमा तीन वर्षीय विवेक श्रेष्ठ रहेको प्रहरीले जनाएको छ । आइतवार स्थानीय राजु श्रेष्ठको घरनजिकै लागेको डढेलोले श्रेष्ठका १० वर्षीय छोरा रोशन र ३ वर्षीय विवेक गम्भीर घाइते भएका थिए ।
घाइते दुवैको जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि विराटनगरस्थित आर्या न्यूरो अस्पतालमा उपचारका लागि लगिएको थियो । थप उपचारका लागि काठमाडौंतर्फ लैजाँदै गर्दा विवेकको बाटैमा मृत्यु भएको प्रहरी स्रोतको भनाई छ ।
बारीमा रहेको सुकेको पात तथा झ्यास भेला पारेर लगाइएको आगो नियन्त्रण बाहिर गएर बालकहरु घाइते भएका थिए ।
घाइते मध्ये रोशनको हात खुट्टा र विवेकको घाँटी मुनिको शरीरको सम्पूर्ण भाग जलेको थियो ।
अर्का घाइते बालक रोशनको विराटनगर स्थित आर्या न्यूरो अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

# न्युस्टार क्लब बिर्तामोडद्वारा पुलिस पराजित



झापा, चैत २६ । बिर्तामोड ७ को न्युस्टार क्लब सातौं अन्तर्राष्ट्रिय आमन्त्रित भरौल गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । नेपाल पुलिस क्लब काठमाडौलाई २-० गोल अन्तरले पराजित गरी २-० न्युस्टार क्लब सेमिफाइनलमा प्रवेश गरेको हो । न्युस्टारका तर्फबाट खमिर गिल्सन कन्दङ्वा र विदेशी खेलाडीले १-१ गोल गरेका थिए । अब न्युस्टार क्लब बिर्तामोडले त्यहाँको आयोजक न्युस्टार क्लबसंग सेमिफाइनल खेल्नेछ ।अन्तर्राष्ट्रिय आमन्त्रण भरौल गोल्डकप फुटबल प्रतियोगिताको सातौं संस्करण यही चैत २३ गतेदेखि शुरु भएको हो ।
सात दिनसम्म संचालन हुने नकआउट प्रतियोगितामा आयोजक न्युस्टार क्लबसहित भारतका दुई टिम, विभागीय दुई टिमसहित ८ टिमले सहभागिता जनाएका छन् ।
प्रतियोगिताको विजेताले ४ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्ने छ भने उपविजेताले २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्ने जनाइएको छ ।
प्रत्येक खेलका म्यान अफ द म्याचले जनही १० हजार रुपैयाँ प्राप्त गर्ने छन् भने राइजिङ प्लेयर घोषित खेलाडीले समेत १० हजार रुपैयाँ प्राप्त गर्ने छन् । प्रतियोगितामा उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेण्डर, मिडफिल्डर, स्ट्राइकर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट प्रशिक्षकले जनही १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।




# पोर्चुगलमा समुद्रमा डुबेर एक नेपालीको मृत्यु, अर्का बेपत्ता

झापा(प्रस) । पोर्चुगलमा समुद्रमा डुबेर एक नेपालीको मृत्यु भएको छ । अर्का नेपाली युवा बेपत्ता भएका छन् । शनिबार राति मोन्तिजोस्थित समुद्रमा सामुद्रिक जीव खोज्ने क्रममा धादिङको नेत्रावती डबजोङ गाउँपालिका-५, कटुञ्जेका ३० वर्षीय धनबहादुर तामाङको डुबेर मृत्यु भएको हो । सोही स्थानका ३८ वर्षीय टेकबहादुर तामाङ बेपत्ता भएका छन् । दुवैजना शनिबार राति बेपत्ता भएको तामाङ समाज पोर्चुगलका अध्यक्ष गोपाल योञ्जनले जानकारी दिए ।
बेपत्तामध्ये धनबहादुरको शव आइतबार उद्धार टोलीले समुद्रमा भेट्टाएको थियो । टेकबहादुर हालसम्म बेपत्ता छन् ।
धनबहादुर र टेकबहादुरसहित अन्य दुई नेपाली पनि सामुद्रिक जीव खोज्न गएका थिए । बेपत्ता टेकबहादुरको झोला र बाल्टी मात्रै भेटिएको योञ्जनले बताए ।
धनबहादुरको शव परीक्षणका लागि मोन्तिजोस्थित बरेइरो अस्पतालको शवगृहमा राखिएको छ । दुवै जना समुद्रमा बेपत्ता भएपछि उद्धारका लागि तत्काल प्रहरीलाई खबर गरिएको मोन्तिजो नेपाली समाज पोर्चुगलका सचिव प्रबल भट्टराईले जानकारी दिए ।
उद्धार टोलीले शनिबारदेखि नै विभिन्न माध्यममार्फत बेपत्ताको खोजी गरिरहेको छ ।
धनबहादुर वैदेशिक रोजागारीको सिलसिलामा फ्रान्स हुँदै गत वर्ष पोर्चुगल गएका थिए । यस्तै चार महिनाअघि क्रोसिया गएका टेकबहादुर १८ दिनअघि मात्रै पोर्चुगल गएका थिए । दुवैजना नाताले काकाभतिज पर्छन् । दुवैजना मोन्तिजो बस्दै आएका थिए ।




# टोलस्तरीय फुटबलको उपाधि उदय रत्न+तोरीबारी + शिवालयलाई



बिर्तामोड(प्रस)। बिर्तामोड १० नं वडा खेलकुद विकास समितिको आयोजनामा संचालित चौथो संस्करणको वडाध्यक्ष टोलस्तरीय फुटबल प्रतियोगिताको उपाधि उदय रत्न + तोरीबारी + शिवालय टोलको संयुक्त टिमले हात पारेको छ ।
आइतबार भएको फाईनल खेलमा तेलकानी +हाम्रो तेलकानी +सिद्धिबिनायक टोललाई ४ - १ को फराकिलो गोल अन्तरले हराउँदै विजयी बनेको हो ।विजयी टिमले नगद ३१ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पायो भने उपविजेता टिमले नगद २१ हजार रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझाएको छ ।
खेलको सुरुवातदेखि नै आक्रामक देखिएको उदय रत्न + तोरीबारी + शिवालय टोलको संयुक्त टिमका तर्फबाट खेल सुरु भएको २ मिनेटमै जर्सी नं ८ का देव मगरले गोल गर्दै खाता खोले ।
त्यस्तै खेलको १० औ मिनेटमा डिबक्स एरियामा पाएको मौकालाई जर्सी नं ११ का बसन्त शेर्पाको पासमा जर्सी नं ८ का देव मगरले पुनः गोल गर्दै २ - ० को स्थिति बनाए । त्यस्तै खेलको १७ औ मिनेटमा उदय रत्न + तोरीबारी + शिवालय टोलको संयुक्त टिमका तर्फबाट जर्सी नं १० का रमेश भण्डारीले थप गोल गर्दै टिमलाई ३ - ० स्थितिमा पुर्‍याए । खेलको २८ औ मिनेटमा जर्सी नं १७ का भुवन सुन्दासले थप गोल गर्दै टिमलाई ४-० को गोल अन्तरमा खेल पुर्‍याए ।

त्यस्तै दोस्रो हाफको ९ औ मिनेटमा उदय रत्न + तोरीबारी + शिवालय टोलका डिफेन्डरले डिएरिमामा धकेल्दा पाएको फल्टमा पेनाल्टी सुटआउटमार्फत तेलकानी +हाम्रो तेलकानी +सिद्धिबिनायक टोलका जर्सी नं १९ का विशाल हेमरमले सान्त्वना गोल गरेका थिए ।
खेलमा उदय रत्न + तोरीबारी + शिवालय टोलको संयुक्त टिमले तेलकानी +हाम्रो तेलकानी +सिद्धिबिनायक टोललाई दबाबमा राख्दै गोल गर्ने पटक पटक पाएको मौकालाई विफल बनाईदियो ।
यसैगरी खेलको म्यान अफ दि म्याच विजेता टिमका २ गोल गर्न सफल देव मगर घोषित भए ।
खेलको उत्कृष्ट मिडफिल्डर विजेता टिमकै युवराज खड्का, सर्वाधिक गोलकर्ता उपविजेता टिमका विक्रम लिम्बू, उत्कृष्ट गोलरक्षक विजेता टिमका पेम्बा शेर्पा , उत्कृष्ट फरवार्ड विजेता टिमका रमेश भण्डारी, राइजिङ प्लेयर सैनिक टोल टिमका प्रशान लाम्गादे, उत्कृष्ट डिफेन्डर विजेता टिमका गणेश लिम्बू, उत्कृष्ट टिम कोच विजेता टिमकै रोशन पौडेल बनेका छन् ।
बितामोड १० नं वडा खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्र तुम्रोकको सभापतित्वमा सम्पन्न कार्यक्रममा कोशी प्रदेशका सांसद गोपाल गजमेरको प्रमुख आतिथ्यता रहेको थियो ।
कार्यक्रममा बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङ, विर्तामोड वडा ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा,विर्तामोड वडा-१० न्यायिक समिति सदस्य प्रेम पौडेल ,१० का वडा सदस्य धनमाया श्रेष्ठ , वडा सदस्य दिपिका शिवा ,पूर्व कार्यपालिका सदस्य गिता घिमिरे,पूर्व वडा सदस्य भक्तसिंह राजवंशी,महेन्द्रज्योति माविका प्रधानाध्यापक जयकुमार झा,सिद्धार्थ शिक्षा सदनका संचालक धर्मराज माझीलगायतको आतिथ्यता रहेको थियो ।

खेलाडी उत्पादनमा टेवा दिने उद्धेश्यले वडा खेलकुद विकास समितिको आयोजनामा चैत १६ देखि २५ गतेसम्म सञ्चालन भएको चौथो संस्करणको वडाध्यक्ष टोलस्तरीय फुटबल प्रतियोगितामा १० वडाका छानिएका १० टिमको सहभागिता रहेको थियो ।कार्यक्रममा राष्ट्रिय फुटबल टिमका सहायक प्रशिक्षक प्रवेश कटुवाल, राष्ट्रिय खेलाडी उत्सव राईलाई प्रमाणपत्रसहित खादा ओढाएर सम्मान गरिएको थियो ।

महिनावारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनःप्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# डेङ्गुको जोखिम यथावत

**वर्षायाममा मात्र डेङ्गु संक्रमण फैलिदैन । गर्मी मौसममा पनि झापामा डेङ्गुको संक्रमण देखा परिरहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार लामखुट्टेको टोकाइबाट सर्ने एक सामान्य भाइरल रोग डेडेङ्गुबाट १२८ मुलुकका तीन अर्ब ९७ करोडभन्दा बढी मानिस जोखिममा छन् । बर्सेनि पाँच करोडदेखि १० करोडभन्दा बढीमा डडेङ्गु सङ्क्रमण हुने गर्छ, जसमा पाँच लाख बिरामीमा कडा प्रकृतिको डेङ्गु हेमोरेजिक फिबर वा रक्तश्रावजन्य डडेङ्गु हुने गर्छ । यस रोगले वार्षिक २२ हजार बालबालिका तथा २४ हजार मानिसको मृत्यु हुने गर्छ । पछिल्लो दशकमा यस रोगको प्रभाव एसियाली मुलुकमा बढी परेको पाइन्छ ।**

**विज्ञका अनुसार जलवायु परिवर्तनका कारण संसारका विभिन्न क्षेत्रमा प्रत्येक वर्ष २१ फिट माथि डेङ्गु गराउने लामखुट्टे सर्दैछ । आकार सानो, झट्ट नदेखिने र दिउँसो आउने भएकाले यो लामखुट्टेको आवाज सुनिँदैन । प्याट्ट मार्दा रगत आउँदैन । कालो, फुस्रो धुलो जस्तो देखिन्छ । टोकेपछि शरीरमा चिलाए जस्तो हुने, मसिना बिमिरा आउने, केही समय नराम्ररी चिलाउने तथा कहिलेकाहीँ बिमिरा बढेर ठुला फोका हुन्छन् ।**

**यसलाई हुर्कन पाँच मिलिलिटर जमेको पानी र तापक्रम १६ देखि ४० डिग्री भए पुग्छ । लामखुट्टे घरभित्र जमेर बसेको पानी जस्तै एसी, कुलर, खानेपानीको ट्याक्ती, फूलदानी, गमला, फालेको टायर, मिनरल वाटरको खाली बोतल जस्ता अप्ठ्यारा ठाउँमा पाइने गर्छ । सबैभन्दा खतरनाक त टायर हो, जहाँ हरेक पत्र पत्र वा तह तहमा पानी जम्छ । सफा पानीमा बस्ने भएकाले यस लामखुट्टेलाई एसियन टाइगर वा भिआइपी लामखुट्टे पनि भनिन्छ । सङ्क्रमित लामखुट्टेले पारेका फुलबाट उत्पन्न हुने सबै लामखुट्टे जीवनभर सङ्क्रमित रहन्छन् तर लामखुट्टेबिना मानिसबाट मानिसमा डेङ्गु सर्दैन । नेपालमा डेङ्गुदेखिएको १९ वर्षपछि सरकारले स्पष्ट वार्षिक कार्ययोजना बनाई लागु गरेको छ डेङ्गु सर्ने प्रमुख कारण सङ्क्रमित लामखुट्टेको टोकाइ नै हो । त्यसैले यसबाट जोगिनु पर्छ । सरकारीस्तरबाट भएका अभियान, सचेतना र सावधानी तथा तयारीले मात्र यसको नियन्त्रण हुन नसक्ने भएकाले नागरिकहरू झन् बढी सतर्क हुन जरुरी छ । आफूलाई नपरी नचेत्ने बानीले ठुलो समस्या निम्त्याउन सक्छ ।**

# चैत २६ लाई सम्झँदा



• **डा. सुरेश आचार्य**

मुलुकमा बहुदलीय व्यवस्था पुनर्वहाली भएको ३४ वर्ष पूरा भएको छ । सर्वमान्य नेता गणेशमान सिंहको नेतृत्वमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले २०४६ साल, फागुन ७ गते सुरु गरेको आन्दोलन ४९ दिन चल्यो र अन्ततः चैत २६ गते राजा वीरेन्द्र निर्दलीय पञ्चायती शासन अन्त्य गरेर बहुदलीय शासन प्रणालीमा जान सहमत हुनु पर्‍यो । आन्दोलनको सफलतासँगै नेपाली राजनीतिका सन्त नेता कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुने अवसर प्राप्त हुनु गणेशमान सिंहको त्यागको कारण थियो । राजा वीरेन्द्रले गणेशमानलाई नै प्रधानमन्त्रीका लागि प्रस्ताव गर्नुभएको थियो तर उहाँले कृष्णप्रसादलाई प्रधानमन्त्री बनाउन आग्रह गर्नुभयो । साढे तीन दशकअघिको यो प्रसङ्ग राजनीतिमा त्याग गर्न तयार हुने कालखण्डको स्मरणका लागि मात्र होइन, मुलुक बनाउने सर्तमा नेतृत्वले सधैँ आफू र आफू मात्रै सत्तामा रहनु पर्छ भन्ने प्रवृत्ति त्याग्नका लागि एउटा उदाहरणका रूपमा उल्लेख गर्न आवश्यक ठानिएको हो । १९९७ सालदेखि २०४७ सम्मको ५० वर्षसम्मको अनवरत राजनीतिक यात्रामा गणेशमान केवल दुई पटक मन्त्री हुनुभयो तर व्यवस्था परिवर्तन गर्ने त्यत्रो आन्दोलनको नेतृत्व गरेपछि प्राप्त भएको प्रधानमन्त्री हुने अवसरलाई उहाँले रोज्नु भएन । न त त्यसपछि संसदीय निर्वाचनमा उम्मेदवार हुने आकांक्षा नै राख्नु भयो ।

२०६५ सालमा सम्पन्न संविधान सभाको निर्वाचनले संविधान जारी गर्न सकेन । फेरि चुनाव गर्नु पर्‍यो । संविधान सभामा मूलतः चार वटा राजनीतिक शक्ति थिए । लोकतन्त्र पक्षधर नेपाली कांग्रेस, बहुदलीय पद्धतिलाई आत्मसात् गरेको नेकपा एमाले, सशस्त्र युद्धको राजनीतिबाट शान्ति प्रक्रियामा आएको नेकपा माओवादी र मधेश आन्दोलनले जन्माएको मधेशी जनअधिकार फोरम गरी मूलतः चार शक्ति संविधान सभामा थिए । संविधान जारी हुँदै गर्दा मधेशी राजनीतिक शक्तिहरू त्यसमा सहमत नै भएनन् । संविधान पूर्ण सहमतिको दस्तावेज बन्न सकेन । २०४७ सालको संविधानलाई आलोचनात्मक समर्थन गरेर राजनीतिमा होमिएको एमालेले पछिल्लो समय संविधानमा 'कमा र फुलस्टप' केही संशोधन गर्नु नपर्ने मान्यता बनाइसकेको थियो । यस अर्थमा नयाँ लेखिने संविधानका विषयमा एमाले र कांग्रेसका त्यति धेरै राजनीतिक भिन्नता थिएन । माओवादीलाई सिधै संसदीय पद्धति स्वीकार गर्न गाह्रो परेको थियो । संघीयताका विषयमा माओवादी र मधेशी राजनीतिक समूह एकै ठाउँमा जस्तै देखिन्थे । जातीय पहिचानको मुद्दा माओवादीका लागि केही असहज बनेको थियो । संसदीय निर्वाचन क्षेत्रका विषयमा मधेशीहरू असहमत भएका थिए । संविधानका मूल मुद्दा यिनै थिए ।

२०४७ सालमा पनि प्रमुख तीन राजनीतिक शक्ति थिए । कांग्रेस, एमाले र दरबार । २०६५ सालमा माओवादीमा कम्युनिस्ट पद्धति स्थापित गर्ने जुन आशक्ति थियो, त्यसबेला एमालेमा कम थिएन । दरबार छुट्टै संविधानको खाका बनाएर संविधान सुझाव आयोगलाई दिने तयारीमा थियो । दरबारले प्रधानमन्त्रीकहाँ जर्नेलहरू पठाएर तर्साउन खोजेकै थियो । कर्मचारीतन्त्र दरबारको मतियार झैँ थियो । त्यस्तो अवस्थामा पनि कृष्णप्रसाद भट्टराईले आफू प्रधानमन्त्री नियुक्त भएको सातौँ महिनामा संविधान जारी गराउनुभयो र एक वर्षभित्रमा आमनिर्वाचन गराउनुभयो । यो सानो चुनौती थिएन । राजनीतिक इच्छाशक्तिले नै कृष्णप्रसादलाई यो निर्णयमा पुग्न सहयोग गरेको थियो । ६०५ जना संविधान सभा सदस्य पाले जस्तो खर्चिलो आयोग थिएन । कांग्रेसका तीन, तीनथरी वामपन्थीका तीन र राजाका दुई प्रतिनिधिको नेतृत्व सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वनाथ उपाध्यायले गर्नुभएको थियो । हरेक व्यक्ति र दलको सुझावका आधारमा संविधान बनेको थियो । संविधान जारी गर्न सात महिना लागेको देखिए पनि आयोगले गठन भएको तीन महिना १० दिनमा काम सकेर भदौ २५ गते सरकारलाई हस्तान्तरण गरेको थियो र सोही दिन प्रधानमन्त्रीले राजालाई बुझाउनुभएको थियो तर दरबारले दुई महिनासम्म संविधान रोकेर अर्कै संविधान जारी गर्ने प्रयत्न गरेको थियो । दरबारको यो षड्यन्त्रलाई गोरखापत्रले नै सार्वजनिक गरेपछि दरबार पछाडि हटेको हो । अन्ततः कात्तिक २३ गते राजाबाट नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो ।

सुरुमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री नियुक्त हुनुभएको तेस्रो दिन २०४७ वैशाख ८ गते राजाले गठन गर्नुभएको संविधान सुधार सुझाव आयोगलाई दलहरूले स्वीकार गरेनन् । आयोगको अध्यक्षमा नियुक्त विश्वनाथ उपाध्यायले नै पदमा बस्न इन्कार गर्नुभयो । किनकि आन्दोलनले पञ्चायती संविधानको निरन्तरता खोजेको थिएन । नयाँ संविधान चाहेको थियो । त्यसपछि पाँच साता अलमल्याएर जेठ १६ गते तीन महिनाभित्र काम सक्ने समयसीमा दिएर संविधान सुझाव आयोग गठन गरियो । आयोगले काम सुरु गरेको मितिले तीन महिना भित्रै अर्थात् भदौ २५ गते संविधान तयार गरेको थियो । २०४७ सालको संविधान राजनीतिक चस्मा उतारेर संवैधानिक दृष्टिकोणबाट मात्र हेर्ने हो भने बहुदलीय व्यवस्थाको स्वतन्त्र अभ्यासका लागि कमजोर थिएन । २०६५ पछि जस्तै विषयलाई अल्मल्याएर सत्ता राजनीतिलाई निरन्तरता दिन चाहेका भए कृष्णप्रसादका लागि पनि अवसर मिल्थ्यो होला तर उहाँले सत्ता होइन, पद्धतिका लागि राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्नुभयो ।

२०४६ पछि आएको परिवर्तनले ठिक ढङ्गमा काम गर्न पाएन । बहुमतको सरकारलाई नेपाली कांग्रेसमा देखा परेको सत्तालिप्साको प्रवृत्तिले पाँच वर्ष टिक्न दिएन । संसदीय पद्धतिमा प्रधानमन्त्री सर्वेसर्वा हुन्छ । त्यो राज्य सञ्चालनका विषयमा हो तर उसलाई राज्यशक्तिमा पुर्‍याउने अहम् भूमिका भने दलकै हुन्छ । सरकारले हरेक निर्णयमा दललाई सोधिरहन पर्दैन तर राजनीतिक निर्णय लिँदा दलको सहमति जरुरी हुन्छ । अन्यथा दल र सरकारको नेतृत्वबिच असमझदारी सिर्जना हुन्छ । २०७४ सालको निर्वाचनमा साझा घोषणपत्रका आधारमा चुनाव लडेर पछि पार्टी एक भए पनि एमाले र माओवादीको अलग पहिचान बाँकी नै रह्यो । परिणाम झन्डै दुई तिहाइको बहुमतले ठिक र स्वाभाविक ढङ्गमा काम गर्न पाएन । सरकार नै भङ्ग हुन पुग्यो । अझ दुई समानान्तर नेता एउटा पार्टीमा रहिरहँदा एकले अर्कोलाई असफल बनाउन खुट्टा तान्ने प्रवृत्ति यसको कारक बन्ने रहेछ । नेपाली कांग्रेस र त्यसबेला बनेको नेपाल कम्युनिस्ट पार्टीमा पनि भएको यही हो । सरकारको नेतृत्वको अवसर पाएको व्यक्ति मुलुकलाई विकासको गति दिनका लागि हो कि सत्ताका निरन्तरताका लागि हो ? आजसम्म पनि नेपालका राजनीतिक दलका नेतृत्वले आफ्नो भूमिका पहिल्याउन सकेका छैनन् ।

नेकपा माओवादीले चलाएको सशस्त्र युद्धले नेपालमा राजतन्त्रको अन्त्य र मुलुकलाई सङ्घीयतामा लैजानका लागि अत्यन्तै सहयोगी बन्यो । सामाजिक परिवर्तन र राजनीतिक चेतना अभिवृद्धिमा पनि यसको अहम् भूमिका रह्यो तर विकास गतिविधिका हिसाबले मुलुकले गति लिन पाएन । राजाले दलहरूलाई अलग्याएर गरेको १५ महिने शासन लोकतन्त्रविरुद्धको कदम त थियो नै, राजाको यो कामले राजतन्त्रलाई अन्त्य गर्न भने सहयोगी भूमिका निर्वाह गर्‍यो । राजाबाट पटक पटक धोका खाँदासमेत संवैधानिक राजतन्त्रका पक्षमा उभिएका दललाई गणतन्त्रका पक्षमा उभिने वातावरण राजाको त्यो कदमकै परिणाम थियो । संविधान सभाको अवधिभरका सरकार पनि बन्ने र फेरिने क्रम चलिरहे । साथै संविधान सभाले संसद्को समेत काम गरिरहँदा राज्य सञ्चालनका अत्यावश्यकबाहेक नागरिकको चासोका विषयमा ध्यान दिने सम्भावना रहेन । संविधान जारी भएपछिका दुई निर्वाचन सम्पन्न भएका छन् । मुलुकमा तीन तहको सरकार बनेको छ । स्थानीय नागरिकले आफूनजिक सरकार रहेको अनुभूति गर्न पाएका छन् । यो राजनीतिक उपलब्धि सानो होइन । वर्तमान राजनीतिको पहिलो पुस्ताले अपेक्षा गरेभन्दा बढी उपलब्धि हो ।

तर यो उपलब्धिमा नागरिकलाई सहभागी गराएर उसमा ऊर्जा भर्ने र आश्वस्त पार्ने काममा नेतृत्व असफल भएको छ । ३० वर्षे पञ्चायती व्यवस्थासँग जोडेर यसका उपलब्धि वा कमजोरीको तुलना गर्नुको अर्थ छैन । पञ्चायतको नियन्त्रित राजनीतिक तथा आर्थिक प्रणालीभन्दा यो कैयौँ गुणा अग्रगामी हो र त्यस अनुरूपका राजनीतिक चेत बढेको छ र गतिविधि भएका छन् । बहुदलीय लोकतान्त्रिक प्रणालीभन्दा अर्को राम्रो विकल्प विश्व अभ्यास भएको छैन । महिला सहभागितादेखि समानुपातिक समावेशी चरित्रलाई अझ धेरै लोकतान्त्रिक देशले समेट्न बाँकी नै छ । यस अर्थमा विश्वमा नभएका अभ्याससमेत हामीले प्रयोगमा ल्याएका छौँ तर सत्ताको अस्थिरता र सत्तामा रहिरहन गरिरहने राजनीतिक अपसंस्कृतिले नेता र व्यवस्थालाई बदनाम गरिरहेको छ । इमान र आदर्शको राजनीति स्खलित भएको छ । साढे तीन दशक अघि कृष्णप्रसाद भट्टराईमा रहे जस्तो इच्छाशक्ति देश विकासका लागि अहिले पनि आवश्यक छ । सत्तामा रहने वा नरहने भन्ने कुरा प्राथमिकता होइन, देश बनाउने जिम्मेवारीका साथ म सत्तासीन भएको हुँ भन्ने नेताको साहस जरुरी छ । चैत २६ लाई जनताले लडेर लोकतन्त्र पुनर्वहाली गरेको दिनको रूपमा स्मरण गर्दै गर्दा अनुकूलको अपव्याख्या छाडेर लोकतान्त्रिक विधि, पद्धति र आदर्शलाई आत्मसात् गरौँ । सबैमा शुभकामना छ ।

# गरिबको थाप्लोमा मिटरब्याजको घट्ट



• **उद्धव अधिकारी**

चितवनका इच्छाकामना गाउँपालिका-२ हपनीका वडाध्यक्ष पञ्च चेपाङ भन्छन्- ऋण गर्न पर्‍यो भने काउलेतिरका बखते जन्तरे, आउले रायमाझीहरूकहाँ गइन्थ्यो। ३५ वर्ष अघिसम्म अर्थात् सामन्तवादी राज्य व्यवस्था भएका बखत साहुसँग सय रुपैयाँ ऋण लिन सुरुमा एउटा बोका अथवा एक सेर (पाँच सिल) माछा कोसेली बुझाउनु पर्थ्यो। वर्ष पुगेपछि ब्याजबापत १० पाथी तोरी (तत्कालीन मूल्य ६०) थपेर साँवा ब्याज बुझाउनु पर्थ्यो। प्रतिशतमा हेर्ने हो भने यसलाई १०० मान्न सकिएला। यो गरिबमारा काइते नियम शोषणको पराकाष्टा थियो।

प्रजातन्त्र हुँदै देश गणतान्त्रिक युगमा प्रवेश गरेको पनि आठ वर्ष नाघिसकेको छ। साहुसँग ऋणबापत ४० केजी धान लिएको एउटा निमुखा गरिब पटकपटक सावाँब्याज तिर्दा पनि साहुले मेरो उठीबास लगायो भन्दै आन्दोलनकारीको भिडमा मिसिन्छ। अनि सरकारसँग हारगुहार गरिरहन्छ। यसलाई प्रतिशतमा कसरी हिसाब गर्न सकिएला ! प्रायः सबै ठूला दलले आफ्ना दस्तावेजमा समाजवाद शब्द उल्लेख गरेका छन्। संविधानको प्रस्तावनाले पनि समाजवादमा प्रतिबद्ध रहने कुरा गरेको छ तर अभ्यास भने चरम पुँजीवादी गरिरहेका छौं। करनी र कथनीमा भएको भिन्नताले कतै समाजवाद उन्मुख अग्रगामी यात्रालाई पश्चगमनको बाटोमा धकेल्न बल त पुर्‍याइरहेको छैन ?

न्यून आयस्रोत भएका परिवारले महँगो बन्दै गरेको शिक्षा र स्वास्थ्यमा पहुँच राख्नै नसक्ने अवस्थाको विकास हुँदैछ। विवाह, दाइजो, मर्दापर्दा कम्तीमा चार पाँच सय मान्छेलाई बोलाउनुपर्ने, खुवाउनुपर्नेजस्ता संस्कार पनि आय नहुने परिवारका लागि बोझ बन्ने गरेका छन्। एकातिर ऋणीले व्यवसाय गर्न लिएको ऋणबाट व्यवसाय फस्टाउने अवस्था छैन भने अर्कोतिर अधिकांश ऋणहरू घरव्यवहार चलाउन लिएको पाइन्छ। महँगो बन्दै गएको सामाजिक रिवाजहरू पनि गरिबी बढाउने माध्यम बनेका छन्। त्यसैले कतिपय मान्छे ऋणमै जन्मन्छन् र ऋणमै मर्न बाध्य छन्। नागरिकलाई सामान्य घरव्यवहार चलाउन पनि चक्रवृत्ति ब्याजदरमा ऋण लिनुपर्ने बाध्यात्मक अवस्थामा राज्यले कसरी पुर्‍यायो ? प्राकृतिक स्रोतहरूले भरिपूर्ण देशका नागरिकलाई ऋण नलिई गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकता पूरा गर्न नसक्ने अवस्थामा पुग्नुमा दोषी को ? सामन्तवादको अन्त्य गरेर ल्याएको गणतन्त्रमा धनी झन् धनी र गरिब झन् गरिब हुँदै जानु समाजवादी बाटो हुन सक्दैन।

मिटरब्याजको सम्बन्धमा समाजशास्त्रका विद्यार्थीले सप्तरीमा गरेको अध्ययनअनुसार मिटरब्याजपीडितहरू ५० प्रतिशत निरक्षर छन्। परिवारमा एकजना मात्र कमाउने मान्छे भएको परिवार ६४ प्रतिशत छ। उनीहरू न्यूनतम ज्यालादारीमा जोखिमयुक्त काम गर्छन्, जसको ९४ प्रतिशतसँग बिमा छैन। जमिनमा स्वामित्व नहुने परिवार ६६ प्रतिशत छ। साहुसँग मात्र ऋण लिने ५७ प्रतिशत छन् र ऋण तिर्न ऋण लिने ३४ प्रतिशत छन्। ऋण लिनेमध्ये दलित र महिलाको संख्या ठूलो छ। उनीहरू भूमिहीन र बेरोजगार पनि छन्। मुलुकी देवानी संहिताले १० प्रतिशतभन्दा बढी ब्याज लिन नपाइने व्यवस्था गरेको छ तर पेट भर्न साहुसँग ४० केजी धान लिएबापत उठीबास लागेका उदाहरण छन्। २०७९ माघ १ गते साहुले कुटपिट गर्दा सिरहाकी स्वस्तिका महतो मानसिक रोगी भएकी थिइन्, उनको हालै निधन भएको छ। घरमुली देशबाहिर छ भने त्यस्ता परिवार साहुको थप 'टार्गेट'मा पर्ने गरेका छन्। जसको सम्पत्ति हडप्न र बलात्कारजस्तो जघन्य अपराधमा संलग्न हुन सुदखोरहरूलाई थप सहज बनाइरहेको छ। पुनमकुमारी महतो भन्छिन्- साहुहरूले महिलाको साडी खोस्छन्। पकाएको भातमा थुकिदिन्छन्। घरमा आगो लगाइदिन्छन्। कागजबिना ऋण नदिने मिटरब्याजीहरू ऋणीले सावाँब्याज बुझाएको रसिद दिँदैनन्। यदि मागिहाल्यो भने तिमीहरू हामीलाई विश्वास नगर्ने भनेर उल्टै थर्काउँछन्। यही लेनदेनका कारण श्रीमान्-श्रीमतीबीच सम्बन्धविच्छेद भएका छन्। छोराछोरी र अभिभावकबीचको सम्बन्धमा दरार पैदा भएको छ। घरेलु हिंसाले चरम रूप लिएको छ। देह व्यापार र आत्महत्याका घटना पनि बढिरहेका छन्।

साहुहरूले ऋणीहरूलाई दुई नम्बरी धन्दामा लगाएको, झुटा मुद्दामा जेल पठाएको, सम्पत्ति लुटिएको जस्ता घटना बढ्दै गर्दा एकपछि अर्को समस्यामा पार्दै लगिएका ऋणीहरू आन्दोलन गर कि मर भन्ने स्थितिमा छन्। पीडितहरूको गुनासो छ- प्रहरीले पहुँचवालाको मात्र कुरा सुन्छ। मिटरब्याजीहरू आफैं प्रहरीको गाडीमा बसेर पीडितको घरघरमा पक्राउ पुर्जी लिएर जान्छन्। खेपी ब्याज, करेन्ट ब्याजजस्ता नाममा ५ प्रतिशत दलाली भाग छुट्याएर ९५ हजार ऋण हातमा लिएको ऋणीले एक लाखको दैनिक १२ सयदेखि तीन हजारसम्म ब्याज तिर्ने प्रचलन मधेसमा छ। साहु महाजनहरूले छिट्टै उनीहरूको सम्पत्ति हडप्न दैनिक ब्याज नतिरे उक्त रकम मूलधनमै गाभिने र ब्याजको स्याज जोडिँदै जाँदा ऋणको मिटर चढ्दै जाने स्वेच्छिक नियम बनाएका छन्।

श्रीमान्लाई वैदेशिक रोजगारमा पठाउन ऋण दिने तर तिनका श्रीमतीलाई वर्षौंसम्म निरन्तर बलात्कार गरिरहने मिटरब्याजीहरू दृश्यमै देखिएका छन्। तर गरिबीको दुष्चक्रमा फसेका फसाइएका नागरिकहरूको पक्षमा न कानुन छ, न बोलिदिने कोही छ। साहु महाजनले मात्रै होइन, मुद्दा लड्न राखेका वकिलहरूले समेत तोकिएको फिस १० हजारमा ३० हजारको तमसुक बनाएर राख्ने गर्छन्। तावाबाट फुत्किएको माछो भुंग्रोमा भने झैं कानुनी राज्यका गरिबहरूले न्यायका लागि गुहार लगाउने ठाउँसमेत नपाएर आफू र परिवारको सास चल्दाचल्दै ईहलीला समाप्त भएको घोषणा गर्न बाध्य छन्।विश्लेषक सोमत घिमिरे भन्छन्- एकातिरबाट हेर्दा कमैया आन्दोलन सफल भयो। तर उनीहरू भूमिहीन नै रहे। भूमिसहितको कमैया मुक्तिको माग नागरिक समूहबाट पनि उठेन। यद्यपि लगभग २१ हजार कमैया परिवारको ऋण मिनाहा भयो र उनीहरूको मुक्ति भयो। हरूवा-चरुवा समुदाय लक्षित थियो। त्यसैले राज्यको एउटा निर्णयले उनीहरूलाई मुक्त गर्न सजिलो भयो। तर मिटरब्याजको मुद्दाको किनारा सतहमा देखिएजस्तो त्यति सजिलो छैन अनि समाधान गर्नुको विकल्प पनि छैन।

स्थानीय तहको निर्वाचनमा पनि उम्मेदवारले ५ देखि १५ करोड खर्च गर्नुपर्ने निर्वाचन प्रणालीबाट आएका जनप्रतिनिधिले साहुमहाजनको विपक्षमा निर्णय गर्लान् भनेर अपेक्षा गर्न सकिँदैन। मिटरब्याजीलाई दलहरूले काखी च्याप्ने र जनप्रतिनिधि नै मिटरब्याजी भएका उदाहरण पनि थुप्रै छन्। संघीय तहकै कुरा गर्ने हो भने पनि १ सय ६५ मध्ये कम्तीमा एक सय जना ग्रामीण परिवेशबाटै निर्वाचित भएका जनप्रतिनिधि छन्। के उनीहरूलाई यो विषय थाहा छैन र ? किन समाधान खोज्दैनन् उनीहरू ? गाउँगाउँसम्म पुगेका बैंकहरूलाई उत्पादनसँग जोडिएका भुइँमान्छेहरूको पहुँचमा पुर्‍याउन किन लागि पर्दैनन् ? स्वास्थ्य बिमा प्रभावकारी छैन किन ? सरकारी शिक्षालयहरू भरोसायोग्य छैनन्। वैदेशिक रोजगारमा जाने युवालाई सरकारी साक्षीमा ऋण उपलब्ध गराउने र पुनः सरकारी संयन्त्रमार्फत विप्रेषण भित्र्याउने व्यवस्था गर्न सकियो भने पनि धेरै हदसम्म मिटरब्याजीको ओठमुख सुक्नेछ। वैज्ञानिक र क्रान्तिकारी भूमिसुधार गर्ने भनेर नथाक्ने दलहरूको पटकपटकको सत्तारोहणले उनीहरूले नारा लगाएको जस्तो जसको जोत उसको पोत त गर्न सकेनन्। जग्गाधनीसँग जग्गा खरिद गर्न सोही जग्गा धितो राखेर मोहीलाई ऋण उपलब्ध गराउने व्यवस्थासमेत गर्न सकेनन्। मानिस ऋणमा डुब्दै जानुमा हाम्रा सामाजिक मूल्यमान्यता पनि कारक हुन्। हुनेखानेको देखासिकी गर्दा हुँदा खानेहरू झन्झन् रसातलमा भासिँदै गएका छन्। गरिबको चमेली बोल्दिने कोही छैन भन्दै अवस्था परिवर्तनका लागि गरिएको व्यवस्था परिवर्तनको औचित्य पुष्टि हुन सकेन भने आज छिटफुट निस्किएका आक्रोशका झिल्काले डँढेलोको रूप नलेला भन्न सकिन्न।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निम्बसमा व्यवहारिक शिक्षामा जोड

झिलझिले (प्रस)।शिवसताक्षी नगरपालिका वडा नम्बर ८ को डुडामारीस्थित निम्बस अंग्रेजी माध्यमिक विद्यालयले सैद्धान्तिक शिक्षासंगै आगामी शैक्षिक सत्रदेखि विद्यार्थीलाई ब्यवहारिक शिक्षा पनि प्रदान गर्ने भएको छ ।
अभिभावकहरुले अहिलेको अबस्थामा व्यवहारिक शिक्षा पनि अपरिहार्य भएको भनेपछि विद्यालयले व्यवहारिक शिक्षालाई जोड दिने भएको हो । शनिवार विद्यालय परिसरमा अभिभावक, शिक्षक, विद्यालय संचालकसहितको भेलाले विद्यालयमा व्यवहारिक शिक्षा पनि लागु गर्ने निर्णय गरेको विद्यालय प्रशासनले जनाएको छ ।

नयाँ शैक्षिक सत्रदेखि निम्बस अंग्रेजी माध्यमिक विद्यालयमा कक्षा ९ मा पनि अध्ययन अध्यापन हुने भएको विद्यालयका प्रिन्सिपल राजु बुढाथोकीले बताए ।




प्रिन्सिपल बुढाथोकीले अहिलेको शिक्षा आत्मनिर्भर, व्यवसायी बनाउनुपर्ने बताउँदै समय भूगोल चिन्ने खालको शिक्षा विद्यालयले प्रदान गर्ने बताए । प्रिन्सिपल बुढाथोकीले भने,' बजारकेन्द्रित शिक्षालाई व्यवहारिक शिक्षाको माध्यमबाट ग्रामीण भेगसम्म पुर्याउने लक्ष्य विद्यालयको छ ।' उनले थपे,'अहिलेको शिक्षा बजारकेन्द्रित भएको छ । गाउँको शिक्षालाई प्रभावकारी बनाउन निम्बस अंग्रेजी माध्यमिक विद्यालयले आवश्यक पूर्वाधार खडा गरिसकेको छ ।'
खुल्ला वातावरण, खेलमैदान, कम्प्युटर प्रयोगशाला, स्काउट ट्रुप, जुनियर रेडक्रस, तालिमप्राप्त शिक्षक शिक्षिका, बालमैत्री निम्बस स्कूलले सामाजिक उत्तरदायित्वअन्तर्गत बार्षिक रुपमा विभिन्न रचनात्मक कार्यक्रम संचालन गर्दै आएको छ ।
स्थानीय अभिभावकका अनुसार स्तरीय पाठ्यपुस्तक छनौट, कलात्मक सिकाइ विधि र अतिरिक्त क्रियाकलापका कारण निम्वस माध्यमिक विद्यालय आफूहरुको पहिलो रोजाई हुन थालेको छ । कक्षा ८ की छात्रा जेनिसा कार्कीका अभिभावक सीता कार्कीले आफ्नो नानीले तमसुक, भर्पाइ, वडा कार्यालयमा लेखिने निवेदनलगायतका घरायसी कागज लेख्न सक्ने भएकीमा गर्व लागेको बताईन् ।
सर्वसुलभ लगानी, सैद्धान्तिकसहित व्यवहारिक शिक्षा आजको आवश्यकता भन्ने मुल सन्देश दिँदै आएको निम्बसले आगामी शैक्षिक सत्रका लागि नयाँ भर्नाका लागि आवेदन खुल्ला गरेको विद्यालय प्रशासनले जनाएको छ ।

# तरकारी बोक्ने गाडीमा ५४४ केजी गाँजा बरामद

झापा(प्रस)। धनकुटाको साँगुरीगढी गाउँपालिका-६, भेडेटारबाट प्रहरीले तरकारी बोक्ने गाडीबाट ५ सय ४४ केजी गाँजा बरामद गरेको छ ।



धनकुटाबाट धरानतर्फ सब्जी लिएर जाँदै गरेको को १ ख ३२९४ नम्बरको मिनी ट्रकबाट चेकजाँचका क्रममा आइतबार राति प्रहरीले उक्त परिमाणको गाँजा बरामद गरेको हो । तरकारीको बोराभित्र १८ वटा पोकामा राखिएको गाँजा बरामद भएको इलाका प्रहरी कार्यालय भेडेटारका इन्चार्ज जीवन कार्कीले जानकारी दिए ।
मिनीट्रक प्रहरीको नियन्त्रणमा रहेको छ । शंकास्पद रहेको गाडी चेक गर्ने क्रममा चालक फरार भएपछि खोजतलास गर्दा फेला पर्न नसकेको कार्कीले बताए । उनको खोजी कार्य जारी रहेको बताइएको छ । गत महिना पनि भेडेटारबाट पेट्रोलियम पदार्थ बोक्ने ट्यांकर तथा अटोलगायतका सवारी साधनबाट समेत ठूलो परिमाणमा गाँजा बरामद भएको प्रहरीको भनाइ छ ।

# चार दलको बैठक निष्कर्षविहीन

झापा(प्रस) । सभामुख देवराज घिमिरेले संसदमा प्रतिनिधित्व गर्ने प्रमुख चार दलसँग छलफल गरेका छन्। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसदीय छानबिन समिति बनाउनुपर्ने अडान कायमै रहेको बताएपछि बैठक निष्कर्षविहीन बनेको छ।
सहकारी ठगीमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता देखिएको भन्दै कांग्रेसले संसदीय छानबिन समिति बनाउनुपर्ने माग गर्दै आएको छ। उक्त माग पूरा नभएपछि गृहमन्त्री लामिछानेलाई रोस्टममा जानसमेत रोक लगाउने कांग्रेसको तयारी छ।
संसदमा भोलि (मंगलबार) गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी संशोधित विधेयक पेस गर्ने कार्यसूची छ। त्यसैले बैठकमा कुनै अवरोध नहोस् भनेर सभामुख घिमिरेले संसदमा रहेका प्रमुख चार दलसँग छलफल गरेका हुन्।
कांग्रेसका प्रमुख सचेत रमेश लेखकले लाखौं नेपाली नागरिकको बचत अपचलन भएको र त्यसमा बहालवाला मन्त्रीहरूको संलग्नता रहेकाले संसदीय छानबिन समिति बनाउनुपर्ने माग गरेको प्रस्ट्याए। उनले जबर्जस्ती संसद सञ्चालन गरिए अवरुद्ध पार्ने संकेतसमते गरे। 'हालसम्म संसद चल्न दिएका छौं। गैरजिम्मेवार ढंगले प्रस्तुत भएका छैनौं। त्यति गर्दासमेत सरकार गम्भीर हुन सकेको छैन। अब संसदमा कुनै बैठक र काम कारबाही अवरुद्ध भयो भने त्यसको जिम्मेवार सरकार नै हुन्छ,' उनले भने।
यता सत्ता साझेदार दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले संसदीय छानबिन समिति नबन्ने बताए। उनले हल्का विषयमा पनि संसदीय छानबिन समिति बनाउँदै जाने हो भने गलत नजिर स्थापित हुने बताए। उनले लामो संसदीय इतिहास बोकेको नेपाली कांग्रेसलाई राजनीतिक पूर्वाग्रह नराख्न आग्रह गरे।
त्यस्तै माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले गृहमन्त्री लामिछानेले भोलि विधेयक पेस गर्ने कार्यतालिका रहेको र त्यहीबेला आफूमाथि उठेको प्रश्नको जवाफ दिने बताए।
यता राष्ट्रिय स्वतन्त्र पार्टीले कांग्रेसले सभापति लामिछानेमाथि मिथ्या आरोप लगाएको बताएको छ। आफूहरू लोकतान्त्रिक अभ्यासमा विश्वास गर्ने भएकाले कांग्रेसको आरोप नसहने रास्वपाको भनाइ छ।
'भावनामा जोडेर कसैलाई अपराधी बनाउन मिल्दैन। भावनामा जोडेर कसैलाई कारबाही गर्न सकिन्छ?,' रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले प्रश्न गरे, 'हिजो उहाँहरू नै सरकारमा हुनुहुन्थ्यो। त्यतिबेला किन समिति बनाएन भन्ने प्रश्न खडा हुँदैन?'
बैठकमा प्रधानमन्त्री पुष्कमलम दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहभागी छन्। एमाले अध्यक्ष केपी शर्मा ओली भने अनुपस्थित छन्। एमालेबाट उपाध्यक्ष विष्णु पौडेल सहभागी थिए। त्यस्तै बैठकमा चार दलका प्रमुखत सचेतक र सचेतकहरूको पनि उपस्थिति थियो।

# डढेलोबाट २ घर जलेर नष्ट

झापा(प्रस)। खोटाङमा डढेलोबाट सल्किएको आगोले दुई घर जलेर नष्ट भएको छ ।
हलेसी तुवाचुङ नगरपालिका-१ बाहुनीडाँडाको अररे सामुदायिक वनबाट सल्किएको आगोले आइतबार साँझ मैतुङको नाम्नाखुका डम्बरबहादुर अधिकारी र खर्कटारका अम्बरबहादुर अधिकारीको घर जलेर नष्ट भएको हो ।अररे सामुदायिक वनबाट मंगलबार सुरु भएको डढेलो पिप्लेपुछार, गुनारा पाखा, नाम्नाखु पाखा हुँदै मर्पु क्षेत्रमा समेत डढेलो फैलिएको छ । त्यसक्षेत्रका सामुदायिक वनहरू सखाप भइरहेको र आगो नियन्त्रण बाहिर गएको हलेसी तुवाचुङ नगरपालिकाकी प्रमुख विमला राईले बताइन् । स्थानीय, प्रहरीलगायतको टोली खटिएपनि नियन्त्रण गर्न नसकिएको प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले बताए ।

# दमकमा मोटरसाइकल दुर्घटनामा दुई घाइते

झापा(प्रस)। झापाको दमकमा मोटरसाइकल दुर्घटनामा परी दुईजना घाइते भएका छन् । आइतवार राति ९.३० बजेको समयमा दमक नगरपालिका वडा नं.-१ भाङबारीस्थित भित्री सडकखण्डमा बेलडाँगीबाट दमकतर्फ आउँदै गरेको प्र.१-०१-०१६ प २५६१ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक कमल गाँउपालिका वडा नं.-६ बस्ने २५ वर्षीय शंकर श्रेष्ठ र पछाडि सवार दमक नगरपालिका-२ बस्ने ३२ वर्षीय सुजन बुढाथोकी घाइते भएका छन् । दुवै घाईतेको लाईफलाईन अस्पताल दमकमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मोजाम्बिकमा डुंगा डुब्दा ९० जनाको मृत्यु

एजेन्सी । मोजाम्बिकको उत्तरी तटमा एउटा डुंगा डुब्दा ९० जनाभन्दा बढीको मृत्यु भएको छ। डुंगामा सवार १ सय ३० जना मध्ये ५ जनाको सकुशल उद्दार गरिएको छ।
नामपुला प्रान्तका अधिकारीहरुका अनुसार हैजाको प्रकोप फैलिएपछि त्यसबाट भाग्ने प्रयास गरिरहेका सर्वसाधारणको डुंगा दुर्घटनामा मृत्यु भएको हो। मृत्यु हुनेमा धेरैजसो बालबालिका रहेका छन्।
यात्रु बोक्न योग्य नरहेको डुंगामा क्षमताभन्दा बढी यात्रु चढेकाले दुर्घटना भएको अनुमान गरिएको छ।



सामाजिक संजालमा पोष्ट गरिएको अप्रमाणित भिडियोमा समुद्री तटमा दर्जनौ शवहरु लडिरहेको अवस्थामा देखिन्छ।
डुङ्गा लुङ्गाबाट नामपुला प्रान्तको तटमा रहेको मोजाम्बिक आइल्याण्डतर्फ जाँदै गरेको अवस्थामा दुर्घटनामा परेको हो। गत वर्षको जनवरीदेखि दक्षिणी अफ्रिकाका धेरै देशहरूमा फैलिएको हैजाको प्रकोपबाट नामपुला प्रान्त सबैभन्दा बढी प्रभावित छ।

# ठगी गर्ने भारतीय नागरिक पक्राउ

झापा(प्रस) । खोटाङमा सुन सफा गर्ने बहानामा तीन भारतीय नागरिक पक्राउ परेका छन् ।
दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१२ की ३७ वर्षीया हिरा श्रेष्ठ र ५३ वर्षीया लालकुमारी श्रेष्ठको सफा गरिदिने भन्दै सुनको तौल घटाएको आरोपमा भारत विहार राज्य जिल्ला सिपौल प्रखण्ड त्रिवेणीगञ्ज ग्राम पञ्चायत ११ बस्ने १९ वर्षीय राजेशकुमार यादव, ३४ वर्षीय प्रशान्तकुमार शाह र भारत विहार राज्य जिल्ला सहरसा पुरिक पुरुषोत्तमपुर पञ्चायत ५ बस्ने ३० वर्षीय बब्लु साह पक्राउ परेका हुन् । उनीहरूलाई जालपाबाटै आइतबार २ बजेतिर पक्राउ गरी पाँच दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता तथा प्रहरी निरीक्षक बेनु कार्कीले बताए ।

## एनएमसीको ...

स्वीकृत गरेको संस्थाका अध्यक्ष ठाकुरप्रसाद सिवाकोटीले जानकारी दिए । व्यवसायिक योजना निर्माण गर्दा संस्थाको ऐतिहासिक विकास क्रम, संस्था सञ्चालनको तीन दशकको अनुभव र सिकाई, समग्र समसामयिक परिवेश विश्लेषणआदिलाई ध्यानमा राखिएको उनले बताए ।
संस्थाले रणनीतिक योजनाअन्तर्गत विभिन्न क्षेत्रमा संस्थाले प्रक्षेपण गरेको प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए । एनएमसीले आगामी चार बर्ष भित्रमा २ लाख ३३ हजार ९२१ जना सदस्य संख्या पुर्याउने र २२ अर्ब ४६ करोड ६२ लाखको वासलात बनाउने प्रक्षेपण गरेको छ ।
एनएमसीले अघि सारेको व्यवसायीक रणनीतिक योजना
१. संस्थाको आफ्नै नामबाट ब्रान्डिङ गरी तोरीको तेल उत्पादन र विक्री वितरण गरिने छ ।

२. सिटिसी चिया प्याकेजिङ्ड उद्योगलाई थप व्यावसायिक बनाई विस्तार गरिने छ। इलामेली चिया उत्पादक सहकारी संस्थाबाट एकीकरणका क्रममा प्राप्त जग्गामा पार्टी प्यालेस तथा गेष्ट हाउस निर्माणको सम्भाव्यता अध्ययन सम्बन्धी कार्य अगाडि बढाइनेछ ।
३. एनएमसी एग्रो फार्मअन्तर्गत सञ्चालित गाई फार्मलाई उच्च नश्लमा आधारित बाछी उत्पादन केन्द्रका रुपमा विकास गरिने छ ।
४. कम लगानी र कम सञ्चालन खर्चमा सञ्चालन गर्नेगरी सहकारी पसल विस्तार योजना कार्यान्वयन गरिने छ ।
५. व्यवसाय विस्तारको सम्भावना कम भएका बचत तथा ऋण सहकारी व्यवसायका सेवाकेन्द्रहरुलाई आवश्यकता अनुसार एक आपसमा गाभिनेछ ।
६. सम्भाव्यता अध्ययनका आधारमा सहकारी संस्थाहरुसँगको एकीकरणलाई निरन्तरता दिइने छ ।
७. योजना अवधिअन्तर्गत हाल प्रस्तावमा नरहेका तर सम्भाव्यताका आधारमा अन्य कुनै व्यवसाय विस्तार गर्नुपर्ने भएमा सोलाई समेत प्राथमिकतामा राखिने छ ।आगामी ४ वर्षका लागि हाल गरिएको परिस्थिति विश्लेषणमा अस्वभाविक परिवर्तन नभएमा योजना आवधिमा प्रक्षेपण गरिएका लक्ष्य प्राप्त हुने कुरामा संस्था विश्वस्त रहेको छ ।कार्यक्रममा सञ्चारकर्मीले राखेको जिज्ञासाको जवाफ संस्थापक अध्यक्ष रामचन्द्र उप्रेतीले दिएका थिए ।


प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।